UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौ
फोनः ०१-४१६९११४, प्याक्सः ०१-४१६९११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/२९ गते)**
**(दोस्रो पटक प्रकाशित मिति २०७९/१२/१६ गते)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०७९/११/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७८/७९ को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ चैत्र २३ गते बिहिबार (तद्अनुसार ०६ अप्रिल, २०२३)

समय : विहान ११:०० बजे।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, हेरिटेज प्लाजा-२, कमलादी-२८ काठमाण्डौं (विद्युतीय/भर्चुअल माध्यमः श्यक मार्फत सभा सञ्चालन गरी सोहि बमोजिम सभामा सहभागी हुन र आफ्नो मन्तव्य राख्न मिल्ने व्यवस्था मिलाईने छ।

**२. छलफलका विषयहरू**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम श्री विद्युत नियमन आयोगले मिति २०७९/११/१७ को प. सं. ४२० को पत्रमार्फतको सहमति बमोजिम कम्पनीको आ. व. २०७८/७९ को अन्त्य सम्मको संचित मुनाफाबाट कम्पनीको हालको चुक्ता पूँजी रु. १,१५,००,००,०००/- को ७ प्रतिशत बोनश शेयर (कर बाहेक) तथा ०.३६८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश स्वीकृत गर्ने।

५. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम श्री अमित पाण्डेज्यूलाई चार बर्ष कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालक नियुक्त गर्ने।

५. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको जारी पूँजी बृद्धि गर्ने।

**ग) विविध।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

**पुनश्च** : कम्पनीका बिगतका साधारण सभाबाट पारित लांभाश यदि कुनै शेयरधनी महानुभावले नलिनुभएको भए यथाशीघ्र यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआइएल क्यपिटल लि., बाटुलेघर, डिल्लिबजार काठमाण्डौं, फोन नं. ०१-४५१८६६७ /४५१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं। साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुदाँ कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि,२०७३ को दफा ५ को उवदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला। अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लांभाश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौं। हालसम्म शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरूले यथाशीघ्र आफ्नो शेयर डिम्याट गर्नुहुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ।